# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असार ५ गते

### उच्चस्तरीय टोलीले मलेठ घटनाको अनुसन्धान प्रतिवेदन आयोगमा पेश गर्‍यो

२०७३ साल फागुन २३ गते सप्तरीको राजविराजमा नेकपा एमालेद्वारा आयोजित कार्यक्रममा तत्कालिन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र सुरक्षाकर्मीहरु बीच भएको झडपको क्रममा सुरक्षाकर्मीको गोली लागेर ५ जनाको ज्यान गएको र कैयौं प्रदर्शनकारी र प्रहरी घाइते भएको घटना सम्बन्धमा घटनास्थल पुगी सत्यतथ्य बुझी प्रतिवेदन पेश गर्न आयोगद्वारा गठित उच्चस्तरीय अनुसन्धान टोलीले अनुसन्धान कार्य सम्पन्न गरी आयोगमा प्रतिवेदन पेश गरेको छ ।

आयोगले सप्तरीको मलेठ घटनाको विस्तृत अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी सहित २०७३ साल चैत्र ३१ गते राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ८ (१) बमोजिम सर्वोच्च अदालतका पूर्वन्यायाधीश श्री ताहिर अलि अन्सारीको संयोजकत्वमा फरेन्सिक विज्ञ डा. हरिहर वस्ती सहित आयोगका अधिकृतहरू सम्मिलित एक उच्चस्तरीय अनुसन्धान टोलीको गठन गरेको थियो ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org